नेपाल सरकार
# सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि.शा./२०७३/७४ चलानी नं. 868

मिति: २०७३।१२।०३

विषयः वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन सम्बन्धमा ।

श्री अर्थ मन्त्रालय,
सिंहदरवार ।

KOREA INTERNATIONAL COOPERATION AGENCY (KOICA) बाट प्राप्त Korea मा सञ्चालन हुने तपसिल अनुसारको अध्ययन/तालीम/अध्ययन भ्रमण कार्यक्रममा भाग लिन तहाँ मन्त्रालय वा अन्तर्गतबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको आगामी बैठकबाट अनुमोदन हुने गरी यस मन्त्रालयबाट मिति २०७३/१२/०३ मा निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपर्युक्त उम्मेदवार मनोनयन गरी मार्च ३१, २०१७ भित्र अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा तथा सम्बन्धित संस्थामा पठाउनुहुन तथा सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा पठाउने व्यवस्था हुन आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी अवधि काम गरेको आधारका साथै योग्यता पुगेका सहायकस्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| सि.नं. | अध्ययन/तालीमको विषय | अध्ययन/तालीम | अध्ययन/तालीमको अवधि | सिट संख्या | अध्ययन/तालीम/भ्रमण हुने देश/स्थान | आवश्यक योग्यता/सम्बधित निकाय वा अन्य प्रासंगिक कुरा | छात्रवृत्ति प्रदान गरिएका निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | Master's Degree on Finance & Tax Policy | Study | 2017.08.21 - 2019.01.18 | 4 | Korea | • Be a government or municipality official, or a researcher, an instructor in state institutes working in his her home country with Bachelor's degree or higher.<br>• Have a good command of both spoken and written English.<br>• Be preferably under 40 years of age in good health. | अर्थ मन्त्रालय - २<br>राष्ट्रिय योजना आयोगको सचिवालय - २ |

रविन्द्र मानन्धर
(शाखा अधिकृत)

बोधार्थः
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा वैदेशिक सहायता समन्वय शाखा, सिंहदरवार।
श्री अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।


सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नम्बरः ०१-४२००३६७/४२००३६८/४२००३६९ फ्याक्स नम्बरः ९७७-०१-४२००२३८
अडियो नोटिस बोर्ड नम्बरः १६१८०१४२००३१४ / इमेलः info@moga.gov.np / वेबसाइटः www.moga.gov.np.